नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

विकास आयोजना कार्यान्वयनमा सहजीकरण, अन्तरनिकाय समन्वय, समस्या समाधान र समयमै आयोजना सम्पन्न गर्ने उद्देश्यले मिति २०८३ असोज ०२ गते वसेको समन्वय वैठकका निर्णहरु :-

१. विकास आयोजना कार्यान्वयन सहजीकरण तथा समन्वय संयन्त्र गठन गर्ने।
जिल्लामा सञ्चालित तथा आगामी विकास आयोजनाको कार्यान्वयनमा देखिएका समस्या तत्काल समाधान गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय तथा आयोजना/कार्यालय प्रमुख सम्मिलित जिल्लास्तरीय विकास आयोजना सहजीकरण तथा समन्वय संयन्त्र गठन गर्ने र आवश्यकताअनुसार बैठक बसी निर्णय कार्यान्वयन गर्ने।

२. आयोजना कार्यान्वयनको स्पष्ट कार्यतालिका बनाई अनिवार्य पालना गर्ने।
सबै कार्यालय तथा स्थानीय तहले आफ्नो मातहतमा सञ्चालित आयोजनाको स्वीकृत लागत, प्रगति, सम्पन्न गर्ने अवधि, हालको अवस्था तथा मुख्य समस्यासहितको विवरण तयार गरी कार्यान्वयन कार्यतालिका बनाउने र सोहीअनुसार काम अघि बढाउने।

३. जग्गा, मुआब्जा, अतिक्रमण तथा निर्माणस्थलसम्बन्धी समस्या तत्काल समाधान गर्ने।
सडक, पुल, सिंचाइ, खानेपानी, विद्युत्, भवन तथा अन्य पूर्वाधार आयोजनामा निर्माणस्थल उपलब्ध गराउने क्रममा देखिएका जग्गा विवाद, मुआब्जा, सार्वजनिक जग्गा, अतिक्रमण तथा अन्य अवरोधलाई सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको समन्वयमा प्राथमिकताका साथ समाधान गर्ने।

४. हुलाकी राजमार्ग तथा महेन्द्र राजमार्गसँग सम्बन्धित आयोजना सहजीकरण गर्ने।
हुलाकी राजमार्ग योजना कार्यालय तथा महेन्द्र राजमार्गसम्बन्धी आयोजना कार्यालयले सञ्चालन गरेका सडक, पुल तथा अन्य पूर्वाधार आयोजनामा विद्युत् पोल, खानेपानी पाइप, टेलिफोन/सञ्चार संरचना, वन क्षेत्र, नहर तथा अन्य भौतिक संरचनाका कारण हुने अवरोध सम्बन्धित कार्यालयले आपसी समन्वयमा तत्काल हटाउने व्यवस्था मिलाउने।

५. निर्माण सामग्री तथा ढुवानीमा सहजीकरण गर्ने।
विकास आयोजनाका लागि आवश्यक ढुंगा, गिट्टी, बालुवा, माटो लगायतका निर्माण सामग्रीको वैधानिक स्रोत पहिचान तथा उपलब्धतामा सम्बन्धित निकायले सहजीकरण गर्ने र गैरकानुनी उत्खनन तथा ओसारपसार नियन्त्रण गर्दै आयोजनाको काममा अनावश्यक अवरोध नहुने व्यवस्था मिलाउने।

६. सुरक्षा व्यवस्थापनलाई आयोजनामैत्री बनाउने।
ठूला तथा संवेदनशील विकास आयोजनामा आवश्यक सुरक्षा व्यवस्था सम्बन्धित आयोजना

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

कार्यालयको मागअनुसार जिल्ला सुरक्षा समितिको समन्वयमा मिलाउने। निर्माणस्थलमा विवाद, अवरोध, चोरी, तोडफोड वा अन्य सुरक्षा चुनौती देखिएमा तत्काल सुरक्षा निकायलाई जानकारी गराउने व्यवस्था गर्ने।

**७. विद्युत् तथा खानेपानीका संरचना स्थानान्तरणमा शीघ्रता ल्याउने।**
सडक तथा अन्य पूर्वाधार आयोजनाका कारण विद्युत् पोल, ट्रान्सफर्मर, खानेपानी पाइपलाइन तथा अन्य संरचना स्थानान्तरण गर्नुपर्ने भएमा नेपाल विद्युत् प्राधिकरण तथा खानेपानी कार्यालयले सम्बन्धित आयोजना र स्थानीय तहसँग समन्वय गरी निश्चित समयसीमाभित्र स्थानान्तरण गर्ने।

**८. वन क्षेत्र तथा वातावरणीय स्वीकृतिसम्बन्धी विषयमा एकद्वार समन्वय गर्ने।**
डिभिजन वन कार्यालयसँग सम्बन्धित स्वीकृति, रुख कटान/हटान, वन क्षेत्र प्रयोग तथा वातावरणीय व्यवस्थापनका कारण आयोजना प्रभावित हुन नदिन आयोजना कार्यालय, स्थानीय तह र वन कार्यालयबीच प्रारम्भिक चरणमै समन्वय गरी आवश्यक कानुनी प्रक्रिया शीघ्र पूरा गर्ने।

**९. सिंचाइ आयोजनाको प्रभावकारी व्यवस्थापन तथा समन्वय गर्ने।**
वाणगंगा सिंचाइ व्यवस्थापन डिभिजन तथा अन्य सिंचाइसम्बन्धी आयोजनामा नहर, कुलो तथा संरचना निर्माण/मर्मत गर्दा स्थानीय तह, कृषक समूह तथा उपभोक्तासँग समन्वय गर्ने। सिंचाइ प्रणाली सञ्चालनमा अवरोध पुग्ने गरी अनधिकृत संरचना निर्माण तथा अतिक्रमण हुन नदिने।

**१२. ठेक्का लागिसकेका तर ढिलाइ भएका आयोजनाको छुट्टै निगरानी गर्ने।**
म्यादभित्र काम सम्पन्न नगर्ने, लामो समयदेखि निर्माण रोकिएका वा न्यून प्रगति भएका आयोजनाको कार्यालयगत सूची तयार गरी कारण पहिचान गर्ने। सम्बन्धित निर्माण व्यवसायीलाई सम्झौताबमोजिम काम गर्न लगाउने र आवश्यक परे प्रचलित कानूनबमोजिम कारबाही प्रक्रिया अघि बढाउने।

**१३. सार्वजनिक सेवा तथा सामाजिक विकासका आयोजनामा गुणस्तर र पहुँच सुनिश्चित गर्ने।**
सामाजिक विकास कार्यालय तथा सम्बन्धित विषयगत कार्यालयबाट सञ्चालन हुने विद्यालय, स्वास्थ्य, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा अन्य सामाजिक पूर्वाधार/कार्यक्रमलाई लक्षित वर्गसम्म प्रभावकारी रूपमा पुऱ्याउने र निर्माण भएका संरचनाको गुणस्तर तथा उपयोगिताको नियमित अनुगमन गर्ने।